चन्द्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट
मधेश प्रदेश, नेपाल

प.स. ०७९/०८० (पशु सेवा शाखा)
च.नं.

मिति : २०८०/०२/११

**माछा उत्पादन प्रर्वद्धन तथा दुध उत्पादन आत्मनिर्भर कार्यक्रम संचालनको लागि प्रथम पटक प्रस्ताव आव्हानको सूचना**

प्रस्तुत विषयमा चन्द्रपुर नगरपालिका पशु सेवा शाखाको आ.व. २०७९/०८० को स्विकृत बार्षिक कार्यक्रम अनुसार स्थानिय तहमा सशर्त वितिय हस्तान्तरण भएका पशुपंक्षि तथा मत्स्य विकास कार्यक्रम संचालन सम्वन्धी कार्यविधि २०७९ बमोजिम देहायको कार्यक्रम ५०% र २५ % अनुदानमा संचालन गर्न ईच्छुक कृषक/कृषक समुह/समिति/सहकारी/निजि संस्था/ उद्यमीले यो सूचना प्रकासित भएको मितिले १० (दश) दिन सम्म ( अन्तिम दिन सार्वजनिक विदा परेमा अर्को दिन ) कार्यालय समय भित्र यस शाखामा अनुसूचि ४ को आवश्यक कागजात सहित प्रस्ताव दर्ता गर्नहुन प्रथम पटक प्रस्ताव आव्हान गरीन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटको लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क.सं. | कार्यक्रमको नाम | संख्या | अनुदान रकम रु | कृषकको लागत सहभागिता | कार्यक्रम लागु हुने क्षेत्र | लक्षितवर्ग /समुदाय |
|---|---|---|---|---|---|---|
| १ | माछा उत्पादन प्रर्वद्धन कार्यक्रम | आवश्यकता अनुसार | ५० लाख | नयाँ पोखरी निर्माणमा ५० % र पूरानो पोखरी मर्मत सम्भारमा ७५ % | चन्द्रपुर नगरपालिकाका १० वटै वडाहरु | चन्द्रपुर नगरपालिका भित्र स्थाई बसोबास गर्ने माछापालन र पोखरी निर्माण गर्ने कृषक |
| २ | दुध उत्पादन आत्मनिर्भर कार्यक्रम | १३० गोटा उन्नत गाई/ भैसी | प्रति कृषक उन्नत जातको दुहुना गाई/भैसी खरिद रु ५० हजार | उन्नत जातको दुहुना गाई/भैसी खरीद गर्न कम्तीमा रु ५० हजार | चन्द्रपुर नगरपालिकाका १० वटै वडाहरु | चन्द्रपुर नगरपालिका भित्र स्थाई बसोबास गर्ने पशुपालक कृषक |

तपसिल :-

१. अनुसूचि २ र ३ बमोजिमको कार्ययोजना र निवेदन ।
२. निवेदकको नेपाली नागरीकताको प्रतिलिपि ।
३. आवेदक सम्वन्धीत सरकारी निकायमा दर्ता/नविकरण भएको भए प्रमाणको प्रतिलिपि ।
४. सहकारी संस्थाको हकमा सम्वन्धीत व्यवसाय संचालन गर्ने उद्धेश्य खुल्ने कागजातको प्रतिलिपि ।
५. संध संस्थाको हकमा स्थाई लेखा नम्वर र कर चूकता गरेको प्रमाण पत्रको प्रतिलिपि ।
६. कम्तीमा १ वटा माउँ गाई/भैसी पालन गरेको कृषक हुनुपर्ने ।
७. कृषक/कृषक समुह/समिति/सहकारी/कम्पनी/संस्थाको हकमा कार्यक्रम संचालन गर्ने सम्वन्धीत निर्णयको प्रतिलिपि।
८.कृषक/कृषक समुह/समिति/सहकारी/कम्पनी/संस्थाको हकमा कार्य समितिका पदाधिकारीहरुको नामावली ।
९. यसै प्रकृति कार्यको लागि विगत ३ बर्षमा अनुदान नलिएको स्व-घोषण पत्र ।
१०.जनप्रतिनिध र सरकारी सेवामा आवद्धता नभएको
११. माछापालनको हकमा नयाँ पोखरी खर्न्ने र पूरानो पोखरी मर्मत सम्भार गर्ने ईच्छुक कृषक हुनुपर्ने ।
१२. नगरपालिका भरीका पशुपालन गर्ने कृषकहरुले प्रस्ताव तथा निवेदन पेश गर्न सकिने ।
१३. सम्वन्धीत वडाको प्रमाण खुल्ने वडा बासि कृषक सहितको सिफारीस पत्र ।
१४. गाई भैसीको विमा गर्नु पर्ने ।
१५. तोकीएको म्याद भित्र आवेदकहरुले चन्द्रपुर नगरपालिका पशु सेवा शाखामा कार्यालय समय भित्र रु १० को टिकट टाँस गरी निवेदन दर्ता गराउनु पर्नेछ ।
१६. आवेदकले अनुसूचि २ र ३ को कार्ययोजना र निवेदनको ढाँचा शाखा बाट लिन सकिनेछ ।

पुनश्च :- थप जानकारीको लागि कार्यक्रम संचालक फोकल प्रशनः- डा.सुलब कुमार चौधरी ९८६१९९७९०९

दुर्गा प्रसाद चिमोरिया
पशु सेवा शाखा, प्रमुख

२०८०/०२/११
किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत